विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०३/०९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ को **अनुसूची-१** बमोजिमको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | आ.व. २०८२/०८३ को बजेट तथा विषय क्षेत्रगत वार्षिक विकास कार्यक्रम सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि **अनुसूची-२** बमोजिमको **रु.४,००,४०,००,०००।०** बराबरको आय, व्यय तथा वित्तीय व्यवस्था सहितको बजेट एवम् विषय क्षेत्रगत वार्षिक विकास कार्यक्रम स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विनियोजन विधेयक, २०८२ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको विनियोजन विधेयक, २०८२ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | आर्थिक विधेयक, २०८२ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आर्थिक विधेयक, २०८२ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | विराटनगर महानगरपालिकाको कर तथा गैहृकर राजस्व सम्बन्धी ऐन, २०७८, दोस्रो संशोधन विधेयक, २०८२ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको कर तथा गैहृकर राजस्व सम्बन्धी ऐन, २०७८ को दोस्रो संशोधन विधेयक, २०८२ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | विपद् तथा जलवायु सम्बन्धी विभिन्न योजनाहरूको सम्बन्धमा। | महानगरस्तरीय विपद् व्यवस्थापन समिति एवम् वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस अनुसार पेस भएका देहायका योजनाहरू सर्वसम्मतिले स्वीकृति गरियो।<br>१. विराटनगर महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२<br>२. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२<br>३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०८२<br>४. स्थानीय जलवायु अनुकूलन योजना (२०८२/०८३-२०८५/०८६) |
| ७ | विविध। | (क) सामाजिक विकास समितिबाट सिफारिस भई पेस भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को पहिलो संशोधन, २०८२ सर्वसम्मतिले स्वीकृति गरियो।<br>(ख) विराटनगर महानगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारीका लागि सेवा प्रदायक संस्था नेपाल शहरी तथा क्षेत्रीय अध्ययन प्रतिष्ठान, ललितपुरसँग सेवा खरिद गरी सो संस्थाले तयार गरेको प्रारम्भिक मस्यौदाउपर छलफल भई कार्यपालिकामा पेस भएको मध्यमकालीन खर्च संरचना सर्वसम्मतिले स्वीकृत गरियो, र अनुमोदनका लागि आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो। |

प्रतिलिपि अधिकृत आठौं

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ग) स्वास्थ्य सेवाबाट विराटनगर महानगरपालिकाको स्थानीय सेवामा समान तहमा समायोजन भई कार्यरत रहेका र तह वृद्धि नभएका सि.अ.हे.व. अधिकृत (अधिकृतस्तर छैटौं तह) श्री रमेश कार्की र ल्याब टेक्निसियन निरीक्षक (अधिकृतस्तर छैटौं तह) श्री मानिक चन भगतले कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम तह वृद्धि हुनका लागि मिति २०८०/०१/२६ मा नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेस गरेकोमा सोउपर कार्यालयबाट कुनै निर्णय नभएको अवस्थामा उक्त अध्यादेश निष्क्रिय भएको हुँदा सो सम्बन्धमा निजहरूले उच्च अदालत, विराटनगरमा रिट निवेदन दर्ता गरेको (मुद्दा नं. ०८०-WO-०४००) र सम्मानित अदालतबाट मिति २०८२/०३/०२ मा परमादेश जारी भएकोले उक्त आदेशको आधारमा उल्लिखित अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम मिति २०८०/०१/२७ देखि ज्येष्ठता लागु हुनेगरी निजहरूलाई एकपटकका लागि एक तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा नगर प्रहरी हवलदार (सहायकस्तर तेस्रो तह) पदमा कार्यरत रही निरन्तर इमान्दारी र कर्तव्यपरायणताका साथ उत्कृष्ट ढङ्गले पदीय जिम्मेवारी बहन गर्दै सर्प उद्धारजस्तो संवेदनशील तथा जोखिमपूर्ण कार्यमा खटिएर उदाहरणीय योगदान पुऱ्याउने श्री शम्भु प्रसाद घिमिरेलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गर्ने, साथै निजलाई प्रोत्साहन स्वरुप हाल कार्यरत रहेको पद/तह भन्दा एक तह माथिको नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथो तह) पदमा सेवा करार गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) मिल वा कारखानाको मूल मेसिन जडान भएको घर जग्गा, गोदाम, मिल वा कारखानाको कच्चा पदार्थ राखिने घर, मजदुर आवास र सेडहरू एवम् औद्योगिक तथा व्यापारिक प्रतिष्ठान लगायतका निकायमा पार्किङ, सेड, विश्रामस्थल, प्रतीक्षालय, बाटो, बगैंचा बनाएको वा खुला रुपमा राखेकोमा त्यस्तो क्षेत्रले ओगटेको जग्गाको कर प्रयोजनका लागि आ.व. २०७३/०७४ सम्म स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४० र सोसँग सम्बन्धित अनुसूची-८ को बुँदा नं. २(१)(घ) र २(३) मा भएको व्यवस्था बमोजिम कर मूल्याङ्कनका आधारमा साठी प्रतिशत घर जग्गा कर लगाउने गरिएको हुँदा उक्त आ.व.भन्दा अघिको कर बुझाउन बाँकि रहेका उल्लिखित बमोजिमका निकायका हकमा आ.व. २०७३/०७४ सम्मका लागि सो प्रकृतिको जग्गाको कर प्रयोजनार्थ मूल्याङ्कनको साठी प्रतिशत घर जग्गा कर लगाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम 2WD Hardtop Jeep र 4WD Hardtop Jeep सवारीसाधन खरिदका लागि कार्यालयबाट मिति २०८१/१२/३१ मा सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरिएकोमा बजेट तथा कार्यक्रमको सवारीसाधन खरिद शीर्षकमा विनियोजित बजेट (नगर सभाको पन्ध्रौं अधिवेशनबाट संशोधित |

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | समेत गरी) जम्मा रु.१,८०,००,०००।- मध्ये राजस्व बाडफाँट (प्रदेश/स्थानीय सरकार) स्रोततर्फ रु.१,७०,००,०००।- र राजस्व बाडफाँट (सङ्घीय सरकार) स्रोततर्फ रु.१०,००,०००।- रहेकोमा उक्त राजस्व बाडफाँट (प्रदेश/स्थानीय सरकार) स्रोततर्फ प्रक्षेपण गरिएको आयको तुलनामा यथार्थ आय अति कम भएको हुँदा लक्ष्य अनुरुप आय आर्जन हुनसक्ने सम्भावना नदेखिएकोले हाललाई उल्लिखित सवारीसाधन खरिदको बोलपत्र रद्द गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(छ) आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत बजेट खर्च शीर्षक अन्य भत्ता (खाजा भत्ता, अतिरिक्त भत्ता र प्रोत्साहन भत्ता समेत) र बजेट खर्च शीर्षक सामाजिक परिचालकको पारिश्रमिक (खाजा भत्ता, महङ्गी भत्ता, चाडपर्व खर्च, प्रोत्साहन भत्ता र पोशाक खर्च समेत) मा विनियोजित रकम अपुग भएको हुँदा विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम बजेट खर्च शीर्षक उपदानबाट उल्लिखित बजेट खर्च शीर्षक अन्य भत्तामा रु.२०,००,०००।- र बजेट खर्च शीर्षक सामाजिक परिचालकको पारिश्रमिकमा रु.१०,००,०००।- रकमान्तर गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ज) विराटनगर महानगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विराटनगर १२ स्थित काली दुर्गा वैष्णवी मन्दिरको भौतिक संरचना निर्माण कार्यका लागि महानगरपालिका र उक्त मन्दिरसँग सम्झौता भई निर्माण कार्य सञ्चालन भइरहेको अवस्थामा मन्दिरले ओगटेको जग्गाको सम्बन्धमा जग्गा खिचोला सम्बन्धी मुद्दा उच्च अदालत, विराटनगरमा दायर भएको र जग्गा विवाद लगायतका कारणले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा एवम् अदालतको अन्तरिम आदेश अनुसार पर्खाल (Compound wall) बाहेक मन्दिरको भवन संरचना सम्बन्धी मात्र निर्माण कार्य गरिएकोले कानूनी राय तथा प्राविधिक (अमिन) को फिल्ड प्रतिवेदन समेतका आधारमा गुज्रेको म्याद समर्थन गरी योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(झ) आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विराटनगर ४ स्थित दामाबन्दीदेखि इक्राहीसम्म नाला निर्माण कार्यका लागि यादव मार्ग निर्माण उपभोक्ता समिति, विराटनगर ४ सँग सम्झौता भई निर्माण कार्य सञ्चालन भइरहेको अवस्थामा जग्गा सीमा विवादका कारण केही स्थानीयवासीहरूले अवरोध गरेकाले गर्दा सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेको र वडाका जनप्रतिनिधिको रोहवरमा सम्बन्धित स्थानीयवासीहरूसँग समझदारी तथा सम्झौता भएपश्चात् कार्यसम्पन्न समेत भएको हुँदा गुज्रेको म्याद समर्थन गरी योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत प्रति

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ञ) आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विराटनगर १८ स्थित भेडियारी अमितको घरदेखि दक्षिण अशोकको घरसम्म कालोपत्रे निर्माण कार्यका लागि भेडियारी अमितको घरदेखि दक्षिण अशोकको घरसम्म कालोपत्रे निर्माण उपभोक्ता समिति, विराटनगर १८ सँग सम्झौता भई निर्माण कार्य सञ्चालन भएको र तोकिएको समयमा कार्यसम्पन्न गरी उपभोक्ता समितिले भुक्तानी माग गरेकोमा विविध कारणले प्राविधिक बिल बनाउन ढिला भएकोले सोही आ.व.मा भुक्तानी हुन नसकेको तथा अर्को आ.व.मा दायित्व सार्न छुट भएको लगायतका कारणले उक्त निर्माण कार्यको भुक्तानी हुन नसकेको हुँदा गुज्रेको म्याद समर्थन गरी योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो। |
| | | (ट) आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत वडा नं. १८ को वडास्तरीय योजना/कार्यक्रम बमोजिम वडा नं. १८ स्थित राजाजी ग्रामदेवता थान भेडियारी शौचालय निर्माण कार्यका लागि राजाजी ग्रामथान भेडियारी शौचालय निर्माण उपभोक्ता समिति, विराटनगर १८ सँग सम्झौता भई निर्माण कार्य सञ्चालन भएको र तोकिएको समयमा कार्यसम्पन्न गरी उपभोक्ता समितिले भुक्तानी माग गरेकोमा विविध कारणले प्राविधिक बिल बनाउन ढिला भएकोले सोही आ.व.मा भुक्तानी हुन नसकेको तथा अर्को आ.व.मा दायित्व सार्न समेत छुट भएको लगायतका कारणले उक्त निर्माण कार्यको भुक्तानी हुन नसकेको हुँदा गुज्रेको म्याद समर्थन गरी योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो। |
| | | (ठ) आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत वडा नं. १८ को वडास्तरीय योजना/कार्यक्रम बमोजिम वडा नं. १८ स्थित भेडियारी अमितको घरदेखि दक्षिण अशोकको घरसम्म कालोपत्रे निर्माण कार्यका लागि भेडियारी अमितको घरदेखि दक्षिण अशोकको घरसम्म कालोपत्रे निर्माण उपभोक्ता समिति, विराटनगर १८ सँग सम्झौता भई निर्माण कार्य सञ्चालन भएको र तोकिएको समयमा कार्यसम्पन्न गरी उपभोक्ता समितिले भुक्तानी माग गरेकोमा विविध कारणले प्राविधिक बिल बनाउन ढिला भएकोले सोही आ.व.मा भुक्तानी हुन नसकेको तथा अर्को आ.व.मा दायित्व सार्न समेत छुट भएको लगायतका कारणले उक्त निर्माण कार्यको भुक्तानी हुन नसकेको हुँदा गुज्रेको म्याद समर्थन गरी योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो। |
| | अधिकृत आठौं | (ड) आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विराटनगर १२ र १६ मा पर्ने डिआइजी कार्यालय उत्तर नहरसम्म नाला निर्माण कार्यका लागि बोलपत्रको माध्यमबाट परीक्षा निर्माण एण्ड सप्लायर्स प्रा.लि., सुनवर्षी ३, मोरङसँग सम्झौता भई निर्माण कार्य सञ्चालन भइरहेको अवस्थामा नाला निर्माणको किनाराको सम्बन्धमा स्थानीयवासीबीच विवाद भएका कारण साइट क्लियरेन्स नहुँदा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकेको र विवाद निरुपण भई निर्माण कार्य सञ्चालन भएर कार्यसम्पन्न समेत भएको हुँदा |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | अधिकृत आठौं | गुज्रेको म्याद समर्थन गरी योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ढ) आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत बजेट खर्च शीर्षक ऋणको साँवा ब्याज भुक्तानी (न.वि.कोष) मा विनियोजित रु.५,००,००,०००।- (अक्षरेपि पाँच करोड) रकम आन्तरिक स्रोततर्फको भएको र उक्त स्रोततर्फ प्रक्षेपण गरिएको भन्दा यथार्थ आय ज्यादै न्यून भई नगर विकास कोषलाई ऋणको साँवा ब्याज रकम भुक्तानी गर्न नसकिएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी राजस्व बाँडफाँट प्रदेश/स्थानीय सरकार स्रोततर्फ बजेट खर्च शीर्षक मर्मत सम्भारमा विनियोजित रकममध्ये रु.२,४९,२३,८३६।- (अक्षरेपि दुई करोड उनन्चास लाख तेइस हजार आठ सय छत्तिस) को स्रोतलाई आन्तरिक स्रोत कायम गर्ने र सोही बराबरको ऋणको साँवा ब्याज भुक्तानी (न.वि.कोष) बजेट शीर्षकमा विनियोजित रकमको स्रोतलाई राजस्व बाँडफाँट प्रदेश/स्थानीय सरकार स्रोत कायम गर्नेगरी स्रोतान्तर गर्ने, साथै उल्लिखित शीर्षकमा अपुग रकम बजेट खर्च शीर्षक विविध खर्चबाट रु.१,३२,४७५।- रकमान्तर गरी नगर विकास कोषलाई सम्वत् २०८२ साल असारसम्मको साँवा ब्याज रकम भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ण) स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्ष राष्ट्रिय सम्मेलन आयोजनाका लागि आगन्तुकहरूको बसोबास तथा खाजा/खाना व्यवस्थापन गर्न मिति २०८२/०२/१४ को प्रमुखस्तरीय निर्णयानुसारको विराटनगर स्थित रत्ना होटल, होटल ह्यारिसन, होटल स्वागतम, होटल इस्टर्न स्टार, बिग होटल र JLDs See Sec Boutique Hotel ले पेस गरेका आवास, खाना र खाजाको दररेट स्वीकृतिलाई सर्वसम्मतिले अनुमोदन गरियो।<br><br>(त) विराटनगर महानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाले लेखा परीक्षण गर्दा/गराउँदा महानगरपालिकामा व्यवसाय दर्ता भएका वा महानगरपालिकाको मौजुदा सूचीमा सूचिकृत भएका लेखा परीक्षक वा फर्ममार्फत् गराउन अनिवार्य गर्ने र सो बमोजिमको लेखा परीक्षण प्रतिवेदनलाई मात्र मान्यता दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(थ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत विगतदेखि अविच्छिन्न रुपमा अस्थायी र करारमा कार्यरत रहेका विभिन्न सेवा/समूह तथा पद/तहका कर्मचारीहरू एवम् नगर प्रहरी, सामाजिक परिचालक, प्रमुख/उपप्रमुखको स्वकीय सचिव, प्रेस संयोजक लगायत विभिन्न कार्यक्रम अन्तर्गतका कर्मचारीहरू एवम् कानूनी सल्लाहकारहरूलाई खाइपाई आएको सेवा-सुविधा उपलब्ध गराउनेगरी २०८३ असार मसान्तसम्म निरन्तरता दिनका लागि सिफारिस सहित आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, दैनिक ज्यालादारीमा कामकाजमा खटाउँदै आएका कर्मचारीहरूलाई आवश्यकता अनुसार निरन्तरता दिने निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|

(द) नेपाल सरकार कार्यक्रम अन्तर्गत साविकमा कार्यक्रम सञ्चालनका लागि विराटनगर महानगरपालिकामा सेवा करारमा कार्यरत रहेका प्राविधिक सहायक र रोजगार सहायक-१/१ जना (प्रधानमन्त्री रोजगार कार्यक्रम), एम.आई.एस. अपरेटर-१ जना (सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना), कृषि स्नातक-१ जना र क्षयरोगमुक्त अभियान कार्यक्रम संयोजक-१ जनालाई सेवा सञ्चालनका लागि निरन्तरता दिन आवश्यक देखिएकाले आ.व. २०८२/०८३ का लागि महानगरपालिकाको आन्तरिक स्रोतबाट तलब-भत्ताका लागि आवश्यक बजेट व्यवस्था गरी निजहरूको सेवा करारलाई निरन्तरता दिन आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ध) कर्मचारीहरूलाई उपलब्ध गराइँदै आएको खाजा भत्ता, प्रोत्साहन भत्ता तथा अतिरिक्त समय कार्य गरे वापतको भत्ता लगायतलाई आगामी आ.व. २०८२/०८३ मा निरन्तरता दिन आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(न) नेपाल सरकार विशेष अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्मका लागि स्वीकृत बाल स्वास्थ्य विशेष कार्यक्रम सेवा प्रदायक संस्था BDEC-D.B. Multi-RECID/N JV, काठमाडौं मार्फत सञ्चालन भइरहेकोमा विविध कारणले गर्दा सम्वत् २०८२ जेठ मसान्तसम्ममा सो कार्यक्रमको कार्यप्रगति लगभग ५७% मात्र हुन सकेकाले उक्त कार्यक्रम बाल मृत्यूदर तथा रुग्णता घटाउने उद्देश्यले महत्वपूर्ण रहेको हुँदा महानगरपालिकाको आन्तरिक स्रोतबाट आवश्यक बजेट आगामी नगर सभाबाट व्यवस्था गर्नेगरी सम्वत् २०८३ साल बैशाख मसान्तसम्म (थप १० महिना) सम्झौता अवधि थप गरी कार्यक्रम सञ्चालन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

(प) चालु आ.व. २०८१/०८२ मा महानगरपालिकासँग सम्बन्धित कामका लागि विभिन्न मिति र स्थानमा भएको कार्यपालिका प्रमुखज्यूको भ्रमणलाई सर्वसम्मतिले अनुमोदन गरियो।

(फ) आगामी आ.व. २०८२/०८३ का लागि महानगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण आयोजनाहरूको जनसहभागिताको हिस्साका सम्बन्धमा सङ्घीय तथा प्रदेश सरकारका सशर्त कार्यक्रममा तोकिएको हकमा सोही बमोजिम जनसहभागिता हुने र अन्य सम्पूर्ण आयोजनाको हकमा निम्न बमोजिम जनसहभागिता कायम गर्नेगरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.सं. | जनसहभागिताको अंश | कामको प्रकृति/क्षेत्र |
|---|---|---|
| १ | शून्य वा स्वेच्छिक | मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा लगायत धार्मिक स्थल, श्मसान घाट |
| २ | ०-५ प्रतिशत | सामुदायिक र परम्परागत धार्मिक विद्यालय |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | (गुरुकुल, मदरसा) – नगर शिक्षा समितिको निर्णयानुसार हुने। |
| ३ | १० प्रतिशत | वडा कार्यालय भवन, गरिब तथा विपन्न समुदायहरूको आवास निर्माण (जन-श्रमदानको योगदान रहने) |
| ४ | १५ प्रतिशत | आर.सि.सि., पि.सि.सि., नाला, भवन, इँटा जोड्ने कार्य, सडकमा टायल, ट्रष भवन |
| ५ | २० प्रतिशत | सडक ग्राभेल |
| ६ | ३० प्रतिशत | कच्ची सडक, माटोको कार्य |

(ब) आ.व. २०८३/०८४ का लागि सङ्घीय विशेष अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनोटका लागि नगर सभामा पेश गर्ने सर्वसम्मतिले गरियो।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | महानगर अटिजम सेवा केन्द्र भवन निर्माण | |
| २ | वर्षातको पानी निकासका लागि वडा नं. १४, १५, १७ र १८ बाट सिंघिया खोलासम्म नाला निर्माण | १४, १५, १७ र १८ |

(भ) आ.व. २०८३/०८४ का लागि सङ्घीय समपुरक अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनोटका लागि नगर सभामा पेश गर्ने सर्वसम्मतिले गरियो।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | पशु वधशाला निर्माण | ८ |
| २ | लेखनाथ वाचनालयदेखि पश्चिम-दक्षिण च्याङबारी करिडोर निर्माण | १२ र १६ |
| ३ | जोला टोलदेखि उत्तर केशलिया खोलासम्म नाला निर्माण | ४ |

(म) आ.व.२०८३/०८४ का लागि प्रदेश समपुरक अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजना छनोटका लागि नगर सभामा पेश गर्ने सर्वसम्मतिले गरियो।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | नोबेल अस्पतालदेखि उत्तर नहरको पुलचोकदेखि पश्चिम स्वामी मार्ग हुँदै बस्ता खोला पश्चिम सडक तथा नाला स्तरोन्नति | ४ |
| २ | दुर्गा मन्दिरदेखि रङ्गशाला हुँदै जाने बाटो स्तरोन्नति | १९ |

(य) आ.व. २०८१/०८२ मा विभिन्न मितिमा बसेका नगर कार्यपालिका बैठकका निर्णय, योजना/कार्यक्रम संशोधन, रकमान्तर, स्रोतान्तर तथा कर छुट एवम् प्रमुख तथा कार्यालयबाट भएका निर्णयहरू अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(र) विषय क्षेत्रगत विभिन्न विषयहरू छलफल तथा आवश्यक निर्णयका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश